# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपालबाट एकीकृत कारोबारको समुद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले जनता बैंक नेपाल लिमिटेड र त्रिवेणी विकास बैंक लिमिटेड एक आपसमा गाभिए पछिको एकीकृत कारोबारको चैत २५ गते काठमाडौंमा आयोजित एक समारोह बीच समुद्घाटन गर्नुभयो ।



सो समारोहमा प्रमुख अतिथिका रुपमा मन्तव्य राख्नुहुँदै गभर्नर डा. नेपालले देशको अर्थतन्त्रको आकार बढेसँगै आर्थिक गतिविधि बढाउन सक्षम, सबल र प्रतिस्पर्धी संस्था निर्माणका लागि नेपाल राष्ट्र बैंकले पूँजी वृद्धिको नीति लिएको, यस सन्दर्भमा बैंक तथा वित्तीय संस्थाहरुको मर्जर तथा एक्विजिसनलाई प्राथमिकता दिएको बताउनु भयो । सर्वसाधारणको निक्षेपको सुरक्षाको लागि पनि संस्था बलियो हुन जरुरी रहेको धारणा राख्दै उहाँले क्षणिक नाफाको लागि निक्षेपको दुरुपयोग नगर्न आग्रह गर्नुभयो ।

भविष्यमा आउने ठुलाठुला योजनाहरुमा वित्तीय लगानीका लागि पुँजी अभाव हुन सक्ने उल्लेख गर्नु हुँदै गभर्नर डा. नेपालले स्थानीय मुद्रा बण्डको निष्काशन गरी त्यसबाट प्राप्त पुँजीको प्रयोगले विश्वका कतिपय देशहरुमा द्रुततर गतिमा विकासका कार्यहरु भएको उदाहरण दिनुहुँदै उहाँले नेपालमा पनि यस्तो बण्डको निष्काशनको आवश्यकता देखाउनु भयो र Project Based Finance मा जोड दिनुभयो ।

गभर्नर डा. नेपालले अन्य क्षेत्रका नीतिहरु जस्तै वित्तीय क्षेत्रका नीतिहरु पनि अन्तर्राष्ट्रिय तथा राष्ट्रिय अवस्था अनुसार परिवर्तन भइरहने जानकारी दिनुभयो । उहाँले बासल-३ लागु भएपछि नेपालका बैंक तथा वित्तीय संस्था अझ मजबुत हुने विश्वास व्यक्त गर्नु हुँदै उहाँले जोखिममा आधारित सुपरिवेक्षण पद्धति क्रमशः "ख" तथा "ग" वर्गका संस्थाहरुमा पनि लागु गरिने बताउनु भयो ।

बैंक तथा वित्तीय संस्थाहरुलाई जनशक्ति व्यवस्थापनमा विशेष ध्यान दिन गभर्नर डा. नेपालले सुझाव दिनुभयो । उहाँले बैंकका कर्मचारीहरुको स्कुलिङ एउटै रहेकोले मर्जरपछि कर्मचारी व्यवस्थापन सजिलो हुनुपर्ने धारणा राख्नुभयो । बैंक तथा वित्तीय संस्थाले कर्मचारीहरुको क्षमता अभिवृद्धि तथा तालिममा नाफाको निश्चित प्रतिशत रकम खर्च गर्नुपर्ने व्यवस्था गरिएको स्मरण गराउँदै उहाँले सञ्चालकहरुलाई पनि वित्तीय शिक्षाको व्यवस्था गर्न लागिएको जानकारी दिनुभयो ।




गभर्नर डा. नेपालले बैंकिङ क्षेत्रमा देखिएको तरलता समस्यामा विस्तारै सुधार भएको, समस्याग्रस्त संस्थाहरु घट्दै गएको, नेपालको अर्थतन्त्र राम्रो हुँदै गएको, आइएमएफ र एडिबीको भनाइ रहेको आदि कुरा पनि सो समारोहमा व्यक्त गर्नुभयो । मर्जरका लागि उल्लेखनीय कार्य गर्ने साविकका दुवै बैंकका पदाधिकारीहरुलाई कदरपत्र दिइएको उक्त समारोहमा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीको पनि उपस्थिति रहेको थियो ।

**२०७३ चैत २५, शुक्रबार**

**गभर्नरको कार्यालय**